परिशिष्ट ८	[परमेश्वर] परमेश्वर र परमेश्वरको पुत्रको स्वभाव

यो अतिरिक्त अध्ययनले मानिसहरूलाई परमेश्वर र परमेश्वरको पुत्रको स्वभावको बारेमा अझ बढी केही कुरा बुझ्न सहायता गर्न चाहन्छ। कृपया, कोष्ठभित्र राखिएका बाइबल पदहरू पढ्नुहोस्।

इसाईहरूले बाइबलमा आफूलाई प्रकट गर्नुहुने परमेश्वरमा विश्वास गर्छन् तर अरू देवी-देवताहरूमा विश्वास गर्दैनन्। इसाईहरू एक परमेश्वरमा विश्वास गर्छन्, जसको अर्थ परमेश्वर एक ईश्वरीय स्वभाव भएको एक ईश्वरीय व्यक्ति हुनुहुन्छ, जसले आफूलाई मानवजगतमा प्रकट गर्नुभएको छ (व्यवस्था ६:४)। परमेश्वरले आफूलाई आफ्नो सृष्टिबाट, आफ्ना जनहरूबाट र मानव इतिहासमा आफ्ना जनहरूमा हुने कुराहरूबाट टाढा राख्नुहुन्न। उहाँले आफूलाई आफ्नो सृष्टि र मानव इतिहासमा प्रकट र अभिव्यक्त गर्नुभएको छ!

---

१. परमेश्वरको स्वभाव अथाह छ

बाइबलमा आफूलाई प्रकट गर्नुहुने परमेश्वर हरेक व्यक्ति र हरेक कुराभन्दा माथि उचालिनुभएको छ। उहाँ सार्वभौम सम्पन्न र महिमित हुनुहुन्छ। बाइबलमा आफूलाई प्रकट गर्नुहुने परमेश्वर आत्मा हुनुहुन्छ (मानिसको जस्तो शरीर भएको होइन), सर्वव्यापी (हरेक ठाउँमा उपस्थित हुने) हुनुहुन्छ, सर्वज्ञानी (सबै कुरा जान्ने) र सर्वशक्तिमान (सबै शक्ति भएको) हुनुहुन्छ।

(१) बाइबलको परमेश्वर अथाह हुनुभएकोले गर्दा उहाँलाई व्याख्या गर्न सकिँदैन

बाइबलमा आफूलाई प्रकट गर्नुहुने परमेश्वर अथाहा हुनुहुन्छ (अय्यूब ११:७-८क; १ तिमोथी ६:१५-१६)। कुनै धार्मिक, दार्शनिक अथवा वैज्ञानिक व्यक्तिले परमेश्वरको स्वभावलाई पूर्णरूपमा परिभाषित र व्याख्या गर्न सक्दैन। स्वयम् परमेश्वरको प्रकाशबिना हामी मानिसहरूले परमेश्वर को हुनहुन्छ भनेर कहिल्यै जान्न सक्दैनौँ र कहिल्यै परमेश्वरको स्वभावको बारेमा केही बुझ्न सक्दैनौँ।

तर हामीले उहाँ को हुनुहुन्छ भनी जानोस् भन्ने परमेश्वर चाहनुहुन्छ। त्यसकारण उहाँले आफूलाई हाम्रोमाझमा प्रकट गर्नुभएको छ ताकि हामी उहाँलाई जान्न सकौँ। तैपनि हामी मानिसहरूले उहाँको ईश्वरीय स्वभावलाई त्यति मात्र बुझ्नसक्छौँ, जति परमेश्वरले आफ्नो स्वभाव हामीलाई प्रकट गरिदिनुभएको छ: सुरुमा उहाँको स्वभाव मानवजातिको निम्ति रहस्य नै थियो। हामीले परमेश्वरको बारेमा त्यति मात्र भन्न सक्छौँ, जति उहाँले आफ्नो बारेमा बाइबलमा हामीलाई बताउनुभएको छ।

(२) बाइबलको परमेश्वर आत्मा हुनुहुन्छ, त्यसकारण उहाँ अदृश्य हुनुहुन्छ

आफूलाई बाइबलमा प्रकट गर्नुहुने परमेश्वर आत्मा हुनुहुन्छ (यूहन्ना ४:२४)। सामान्य मानिसहरूले परमेश्वरलाई तिनीहरूका शारीरिक आँखाहरूले देख्न सक्दैनन् (यूहन्ना १:१८)।

तर उहाँ कस्तो हुनुहुन्छ, सो हामीले देखोस् भनी परमेश्वर चाहनुहुन्छ। त्यसकारण उहाँले आफूलाई दृश्यरूपमा हाम्रोमाझमा प्रकट गर्नुभएको छ ताकि हामीले उहाँ केजस्तो हुनुहुन्छ भनी देख्न सकौँ। उहाँले आफ्नो ईश्वरीय स्वभावलाई मानव स्वभावमा धारण गर्नुभयो र येशू ख्रीष्टद्वारा आफ्नो सृष्टि र हाम्रो मानव इतिहासमा प्रवेश गर्नुभयो (यूहन्ना १:१,१४,१८)। येशू ख्रीष्ट अदृश्य परमेश्वरको दृश्य प्रतिरूप हुनुहुन्छ (कलस्सी १:१५)। ईश्वरीय स्वभावको सबै पूर्णता शारीरिकरूपमा येशू ख्रीष्टमा वास गर्नुहुन्छ (कलस्सी १:१९; २:९)। त्यसैकारण येशूले यसो भन्न सक्नुहुन्छ, "जसले मलाई देखेको छ, उसले पितालाई देखेको छ" (यूहन्ना १४:९)।

(३) बाइबलको परमेश्वर कोही पनि पुग्न नसक्ने ज्योतिमा बस्नुहुन्छ, त्यसकारण उहाँकहाँ पुग्न सकिँदैन

आफूलाई बाइबलमा प्रकट गर्नुहुने परमेश्वरकहाँ पुग्न सकिँदैन (१ तिमोथी ६:१६)। कुनै पनि मानिस आफ्नै तरिका, आफ्नै शक्ति अथवा आफ्नै बुद्धिमा परमेश्वरकहाँ पुग्न सक्दैन। व्यवस्था पालन गरेर अथवा असल कामहरू गरेर अथवा कुनै धर्म मानेर मानिसहरू परमेश्वरकहाँ माथि उक्लिजान सक्दैन।

हामीले उहाँसँग व्यक्तिगत सम्बन्ध राखोस् भनी परमेश्वर चाहनुहुन्छ। त्यसकारण उहाँ हामीकहाँ आउनुहुन्छ! हामीले कुनै किसिमको भर्‍याङ्ग चढेर परमेश्वरकहाँ उक्लेर होइत तर केवल स्वयम् परमेश्वर येशू ख्रीष्टद्वारा (र ख्रीष्टको आत्माद्वारा) हामी कहाँ ओर्लिआउनुभएर मात्र हामीले परमेश्वरसँग व्यक्तिगत सम्बन्ध राख्न सक्छौँ।

---

२. परमेश्वरले आफूलाई प्रकट र अभिव्यक्त गर्नुभयो ताकि मानिसहरूले उहाँलाई जान्न सक्छन्

यद्यपि परमेश्वरको स्वभाव अथाह भए तापनि उहाँले आफूलाई प्रकट गर्नुभएको छ ताकि मानिसहरूले उहाँलाई जान्न सकून्।

(१) परमेश्वरले आफूलाई सृष्टिमा प्रकट र अभिव्यक्त गर्नुभएको छ

आफू अस्तित्वमा छु भनी देखाउन परमेश्वर मानिसकहाँ प्रकट हुनुभयो, र उहाँ अति शक्तिशाली र सुव्यवस्थित हुनुहुन्छ (भजनसङ्ग्रह १९:१-७; रोमी १:१९-२०)। उहाँ आगो र परमप्रभुको दूतमा उपस्थित हुन सक्नुहुन्छ (प्रस्थान ३:२-४; १९:१८; व्यवस्था ४:१२,२४)।

सृष्टिले परमेश्वरको वास्तविकता, उपस्थिति, शक्ति, सुन्दरता र व्यवस्थापनलाई प्रकट गर्दछ।

(२) परमेश्वरले आफूलाई मानिसको हृदयमा प्रकट गर्नुभएको छ

परमेश्वरले गलत कुरालाई घृणा गर्नुहुन्छ र सही कुरालाई प्रेम गर्नुहुन्छ भनी हरेक मानिसको हृदयमा उहाँको नैतिक व्यवस्थाहरू लेखिदिनुभएर अनि तिनीहरूलाई ती कुराहरूमा दोष लगाउन वा दोषमुक्त पार्न विवेक दिनुभएर आफूलाई मानिसको सामु प्रकट गर्नुभएको छ (रोमी २:१४-१५; यशैया ५:२०)।

मानिसको हृदयले परमेश्वरसँग नैतिक मूल्य-मान्यताहरू छन् भन्ने तथ्यलाई प्रकट गर्दछ।

(३) परमेश्वरले आवाजद्वारा बोल्नुभएर आफूलाई प्रकट गर्नुभएको छ

परमेश्वरले अगमवक्ताहरूसँग कुरा गर्न केवल स्वर्गदूतलाई मात्र पठाउनुभएन तर स्वयम् परमेश्वर आवाज सुन्न सकिने गरी मोसासँग (प्रस्थान ३:४-६; १९:१९; गन्ती ७:८९), इस्राएलीहरूको सभासँग (व्यवस्था ४:१२,३२-३६; ५:२२-२६), एलिया अगमवक्तासँग (१ राजा १९:११-१२), बप्तिस्मा दिने यूहन्नासँग (मत्ती ३:१३-१७) र येशूका तीन चेलाहरूसँग (मत्ती १७:५) बोल्नुभयो। परमेश्वर पुरानो करारको मानव इतिहासमा हाम्रा पुर्खाहरूसँग र सबै अगमवक्ताहरूद्वारा धेरैपटक विभिन्न तरिकाले बोल्नुभयो तर नयाँ करारको यी अन्तिम दिनहरूमा उहाँ आफ्ना पुत्र येशू ख्रीष्टद्वारा हामीसँग बोल्नुभएको छ (हिब्रू १:१-२)। परमेश्वरको वचनहरू बाइबलमा लेखिएका छन् (२ तिमोथी ३:१६)। ती वचनहरूद्वारा मात्र सबै मानिसहरू बाँच्न सक्छन् (मत्ती ४:४)!

बाइबलमा भएका वचनहरूले परमेश्वरको विचारहरू, योजनाहरू र इच्छाहरूलाई प्रकट गर्दछन्।

(४) परमेश्वरले आफ्ना कामहरूद्वारा आफूलाई प्रकट र अभिव्यक्त गर्नुभएको छ

परमेश्वरले आफ्नो सृष्टि मानव इतिहासमा जाँच र युद्धद्वारा, आफ्नो शक्तिशाली हात र फैलिएको बाहुलीद्वारा अनि उहाँको महान् र उदेकका कामहरूद्वारा अचम्मका चिन्हरू र आश्चर्यकर्महरूद्वारा काम गर्नुभयो (व्यवस्था ४:३४)। जब परमेश्वरले काम गर्नुहुन्छ, तब कसैले उहाँको कामलाई उल्टाउन सक्दैन (यशैया ४३:१३)! बाइबलमा उहाँका वचनहरू मात्र होइन, तर उहाँका कामहरू पनि लेखिएका छन्।

बाइबलमा भएका कामहरूले परमेश्वरको मुक्ति र न्यायको कामहरू प्रकट गर्दछ।

(५) परमेश्वरले आफूलाई रूपान्तरित जीवनहरूद्वारा प्रकट र अभिव्यक्त गर्नुभएको छ

बाइबलमा प्रकट गरिएका परमेश्वरका वचनहरू र कामहरूमाथि विश्वास गर्ने मानिसहरूको जीवन ती वचनहरू र कामहरूले परिवर्तन गर्दछ। उदाहरणको लागि पावलको जीवनलाई हेर्न सकिन्छ; विश्वासी हुनुभन्दा पहिले तिनले इसाईहरूलाई घृणा गरेर सताउने गर्दथे। अनि एक दिन येशू तिनीकहाँ देखा पर्नुभएर तिनको हृदय परिवर्तन गरिदिनुभयो। येशूले तिनको पाप क्षमा गर्नुभएर तिनलाई बचाउनुभयो। त्यसपछि पावलको जीवन परिवर्तन भयो र तिनले पूर्णरूपमा नयाँ जीवन जिउन थाले। त्यसरी पावलको जीवन परिवर्तन गर्ने को हो त? परमेश्वरले येशू ख्रीष्टद्वारा मेरो जीवन परिवर्तन गरिदिनुभयो भनी पावलले गवाही दिन्छन् (१ तिमोथी १:१५-१६)। लाखौँ इसाईहरूले आफ्नो जीवन कसरी परिवर्तन भयो भनी त्यसरी नै गवाही दिन्छन्। त्यस्ता वास्तविक इसाईहरूका पछाडि वास्तविक परमेश्वर हुनुहुन्छ। उहाँले नै तिनीहरूलाई

रूपान्तरण गर्नुभयो अनि अझै तिनीहरूलाई रूपान्तरण गर्दैहुनुहुन्छ। जब तपाईंले वास्वतिक इसाईहरूको जीवनलाई अवलोकन गर्नुहुन्छ र तिनीहरूका गवाहीहरू सुन्नुहुन्छ, तब तपाईंले मानिसको जीवन रूपान्तरण गर्नुहुने परमेश्वर को हुनुहुन्छ भनी जान्न सक्नुहुन्छ।

इसाईहरूका रूपान्तरित जीवनहरूले परमेश्वरको बचाउने उद्देश्यलाई प्रकट गर्दछ।

(६) परमेश्वरले आफूलाई मानिस भएर आउनुहुने येशू ख्रीष्टमा आफूलाई प्रकट र अभिव्यक्त गर्नुभएको छ

परमेश्वर आत्मा हुनुहुन्छ (यूहन्ना ४:२४), त्यसकारण उहाँ अदृश्य हुनुहुन्छ। तैपनि, येशू ख्रीष्टमा मानव शरीर धारण गर्नुभएर परमेश्वरले दृश्यरूपमा आफूलाई प्रकट र अभिव्यक्त गर्नुभयो। आफ्नो ईश्वरीय स्वभाव नत्यागीकन परमेश्वरले मानव स्वभाव स्वभाव धारण गर्नुभई येशू ख्रीष्टद्वारा उहाँ आफ्नो सृष्टि र मानव इतिहासमा प्रवेश गर्नुभयो (लूका १:२६-३७; यूहन्ना १:१,१४,१८; फिलिप्पी २:५-८; कलस्सी १:१५,१९; २:९)। मानिस भएपछि येशू ख्रीष्ट परमेश्वर बन्नुभएको होइन तर एक मात्र परमेश्वर येशू ख्रीष्टमा मानिस बन्नुभयो (यूहन्ना १:१,१४)! येशू ख्रीष्ट 'परमेश्वरको महिमाको चमक' (परमेश्वरको ईश्वरत्व र ईश्वरीय गुणहरूको दृश्य प्रकाश) र 'परमेश्वरको अस्तित्वको सही प्रतिनिधि' (परमेश्वरको अदृश्य अस्तित्वको दृश्य प्रकटिकरण) हुनुहुन्छ (हिब्रू १:१-३)। त्यसैकारण येशूले यसो भन्नुभयो, "जसले मलाई देखेकको छ, त्यसले पितालाई देखेको छ (यूहन्ना १४:९)।

येशू ख्रीष्टले परमेश्वरको ईश्वरीय अस्तित्व, उहाँको व्यक्तित्व, चरित्र, वचनहरू र कामहरूलाई प्रकट गर्नुहुन्छ।

परमेश्वर कहिले पनि मानिसमा रहन सक्नुहुन्न भनी केही मानिसहरूले भन्दछन्। तर पुरानो करारले भन्दछ, "परमप्रभुको दूत झाडीमा बलिरहेको आगोको ज्वालाद्वारा मोशाकहाँ देखा पर्नुभयो ... परमेश्वरले बलिरहेको पोथ्राबाट तिनलाई "मोशा, ए मोशा!" भनेर बोलाउनुभयो (प्रस्थान ३:२-४)। यदि परमेश्वर बलिरहेको पोथ्रामा रहन अथवा वास गर्न सक्नुहुन्छ भने पक्कै पनि उहाँ सिद्ध मानिसको शरीरमा वास गर्न सक्नुहुन्छ!

(७) परमेश्वरले आफूलाई पवित्र आत्मामा प्रकट गर्नुभयो

'परमेश्वरको आत्मा', 'ख्रीष्टको आत्मा' अथवा 'ख्रीष्ट हामीमा' भनेको 'पवित्र आत्मा' हुनुहुन्छ (रोमी ८:९-१०)। येशू ख्रीष्ट स्वर्गारोहण भएर सिंहासनमा विराजमान हुनुभएपछि (तीन पक्षीय सृष्टिको आयामभन्दा बाहिर) गैर-इसाई र इसाईहरूका हृदयमा काम गर्न पवित्र आत्माको रूपमा उहाँ पृथ्वीमा फर्की आउनुभयो (यूहन्ना १६:९-१०)। पवित्र आत्मा इसाईहरूको हृदय र शरीरमा (१ कोरिन्थी ६:१९-२०) अनि मण्डलीमा वास गर्नुहुन्छ (एफिसी २:२२)।

पवित्र आत्माले परमेश्वरका जनहरूको जीवनमा परमेश्वरको शक्तिशाली उपस्थिति प्रकट गर्नुहुन्छ।

---

३. बाइबलमा 'पुत्र' भन्ने शब्द

बाइबलमा प्रयोग गरिएको 'परमेश्वरको पुत्र' भन्ने वाक्यांशलाई गलत किसिमले बुझ्नु हुँदैन। हिब्रू र अरबीजस्ता सेमेटिक भाषाहरूमा (Semetic languages; Hebrew and Arabic) 'पुत्र' भन्ने शब्दलाई शाब्दिक अथवा लाक्षणिकरूपमा प्रयोग गरिन्छ। बाइबलले तीन किसिमका 'पुत्रहरू'बारे बताउँछ, र तिनीहरूका भिन्नतालाई स्पष्टसँग छुट्ट्याउनु पर्छ।

(१) शाब्दिक अथवा शारीरक पुत्रत्व, (२) साङ्केतिक अथवा आत्मिक पुत्रत्व, र (३) पराभौतिक अथवा तत्वशास्त्रीय पुत्रत्व

---

४. येशू ख्रीष्ट परमेश्वरको शारीरक पुत्र हुनुहुन्न

इसाईहरूका सम्बन्धमा शारीरिक पुत्रत्व

'पुत्र' भन्ने शब्दले बाइबलमा कहिलेकाहिँ शारीरिक वंशलाई बुझाउँछ; जस्तै: शारीरिक आमाबाबुबाट जन्मेको छोरा। यूहन्ना ३:६ मा "शरीरले शरीरलाई जन्माउँछ" भनिएको छ। मानिसहरूको कुरा गर्ने हो भने शारीरिक पिता र शारीरिक माताबाट शारीरिक सन्तानको जन्म हुन्छ। त्यो बच्चा आमाको कोखमा गर्भधारण भएपछि मानव इतिहासमा उसको शारीरिक पुत्रत्वको (अस्तित्वको) सुरुवात हुन्छ।

ख्रीष्टको सम्बन्धमा शारीरिक पुत्रत्व
तर येशू ख्रीष्टमा त्यो कुरा लागु हुँदैन। येशू ख्रीष्टलाई कहिल्यै जन्माइएको अथवा उत्पादन गरिएको होइन। उहाँको अस्तित्वको कुनै सुरुवात छैन! येशू ख्रीष्ट परमेश्वरको शारीरिक छोरा होइन! अरू धर्महरूले झूटो दाबी गरेर इसाईहरूले त्यस्तो कुरा सिकाउँछन् भन्ने गरे तापनि वास्तवमा बाइबलमा 'परमेश्वरको पुत्र' भन्ने वाक्यांशले कहिले पनि येशूलाई 'परमेश्वरको शारीरिक पुत्र' भनी बुझाउँदैन।

येशू ख्रीष्टसँग अद्वितीय शारीरिक स्वभाव छ। उहाँको ईश्वरीय स्वभावअनुसार येशू ख्रीष्ट अनन्तदेखि नै अस्तित्वमा हुनुहुन्थ्यो (यूहन्ना १:१)। तर उहाँको मानवीय स्वभावअनुसार येशू ख्रीष्ट आफ्नी शारीरिक आमा, मरियमबाट निश्चित समयमा (मानव इतिहासमा) जन्मनुभयो (यूहन्ना १:१४)। यहाँ स्मरणयोग्य कुरा के छ भने उहाँको मानवीय स्वभाव आफ्नो वैधानिक पिता, योसेफबाट प्राप्त भएको थिएन तर त्यो त पवित्र आत्माको सार्वभौमपूर्ण काम थियो (लूका १:३५)। संसारको सबै मानिसहरूका शारीरिक पिता छन् तर येशूको शारीरिक पिता हुनुहुन्न। मानव इतिहासमा सबैले पाप गरेका छन् तर येशू पूर्णरूपमा पापरहित हुनुहुन्छ (२ कोरिन्थी ५:२१; हिब्रू ४:१५)!

परमेश्वर पिता अथवा परमेश्वरको आत्माको भौतिक शरीर छैन। येशूको भौतिक शरीरलाई हामी 'परमेश्वरको भौतिक शरीर' भन्दैनौँ, किनभने परमेश्वरसँग भौतिक शरीर हुँदैन। त्यसैगरी पुरुष र महिलाबीचको सम्बन्धझैँ परमेश्वरले शारीरिक सम्बन्ध राख्नुहुन्न। पवित्र आत्माको पनि भौतिक शरीर हुँदैन किनभने उहाँ आत्मा हुनुहुन्छ। उहाँले कन्या मरियमभित्र येशूको भौतिक शरीर सृष्टि गर्नुभयो (लूका १:३५)। तर मरियमलाई हामी 'परमेश्वरकी आमा' भन्दैनौँ किनभने तिनी येशू ख्रीष्टको मानवीय स्वभावको मात्र आमा थिइन्।

येशू ख्रीष्टले निश्चित समयको निम्ति मानव स्वभाव धारण गर्नुभयो। अनन्तदेखि नै येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ। अनन्तदेखि नै येशू ख्रीष्ट ईश्वरीय स्वभाव भएको 'परमेश्वरको पुत्र' हुनुहुन्छ। तर निश्चित समयको निम्ति मानव इतिहासमा मानव स्वभाव धारण गरी कन्या मरियमद्वारा मानव शरीरमा उहाँ सृष्टि गरिएको संसार र मानव इतिहासमा प्रवेश गर्नुभयो। उहाँ मानव स्वभावमा हुँदा मात्र आफ्ना जनहरूको पापको पश्चाताप गर्न येशू क्रूसमा मर्नुभयो। त्यसैगरी उहाँ मानव स्वभावमा हुँदा मात्र हाम्रो रूपान्तरित जीवनलाई पक्का गर्न र हामी शारीरिकरूपमा मर्नुभन्दा पहिले उहाँ मृत्युबाट बौरी उठ्नुभयो, र त्यही कुराले हामी शारीरिकरूपमा मरेपछि हाम्रो शरीर पनि पुनरुत्थान हुन्छ भन्ने तथ्यलाई पक्का गर्दछ।

येशू ख्रीष्टको ईश्वरीय र मानवीय स्वभावबीचको सम्बन्ध मानिसहरूका लागि रहस्य नै रहिरहनेछ। उहाँ पूर्णरूपमा अद्वितीय हुनुहुन्छ: उहाँ मानव स्वभाव लिने परमेश्वर हुनुहुन्छ (यशैया ९:६)। मानव इतिहासमा येशू ख्रीष्टबाहेक अरू कोही इम्मानुएल (परमेश्वर हामीसँग) छैन (मत्ती १:२३)।

---

५. येशू ख्रीष्ट परमेश्वरको आत्मिक पुत्र हुनुहुन्न

इसाईहरूको सम्बन्धमा आत्मिक पुत्रत्व
'पुत्र' भन्ने शब्दले बाइबलमा कहिलेकाहिँ आत्मिक वंश अथवा आत्मिक पुत्रलाई बुझाउँछ। यूहन्ना ३:६ ले "आत्माले आत्मालाई जन्माउँछ" भन्दछ। बाइबलले शारीरिक पुत्र र आत्मिक पुत्रबीचको भिन्नतालाई स्पष्ट पार्दछ।

फेरि नयाँ गरी जन्मेपछि इसाई परमेश्वरको आत्मिक सन्तान बन्दछ। फेरि जन्मनुभन्दा पहिले कुनै व्यक्ति पृथ्वीमा उसको शारीरिक आमाबुबाको शारीरिक सन्तान मात्र हुन्छ। तर पवित्र आत्माद्वारा उसको फेरि जन्म भएपछि ऊ स्वर्गमा परमेश्वरको आत्मिक सन्तान बन्दछ (यूहन्ना १:१२-१३)। उसको आत्मा पहिले मरेको थियो (एफिसी २:१-३), अब त्यो जीवित पारिएको छ (एफिसी २:४-५)। येशू ख्रीष्टमा विश्वास गरेपछि पवित्र आत्माद्वारा उसले नयाँ जन्म पाउँछ (यूहन्ना ३:३-८)! यसरी फेरि जन्मेपछि ऊ परमेश्वरको आत्मिक सन्तान बन्दछ (यूहन्ना १:१२-१३)।

इसाई यो संसारको सृष्टिभन्दा पहिले नै परमेश्वरले अपनाउनुभएको आत्मिक सन्तान हुनको निम्ति परमेश्वरद्वारा पूर्वनिर्धारित भइसकेको हुन्छ। जब ऊ परमेश्वरको आत्माद्वारा नयाँ गरी जन्मिन्छ (रोमी ८:१५), तब मात्र ऊ वास्तवमा परमेश्वरको आत्मिक सन्तान हुनको निम्ति स्वीकारिन्छ (एफिसी १:५)। अनि जब ऊ यो सांसारिक मरणशील शरीरबाट मुक्त हुन्छ, तब ऊ परमेश्वरको आत्मिक सन्तानको पूर्ण आनन्दमा प्रवेश गर्नेछ (रोमी ८:२३)।

इसाईले आत्मिक स्वभाव प्राप्त गर्छ, र त्यसले केही इश्वरीय विशेषताहरू बाँड्दछ। जसरी इसाईमा शारीरिक स्वभाव आफ्नो शारीरिक आमाबुबाबाट आउँछ, त्यसरी नै उसको आत्मिक स्वभाव परमेश्वर र पवित्र आत्माबाट आउँछ। इसाईले ईश्वरीय स्वभाव प्राप्त नगरेको बेलामा, परमेश्वरबाट उसले त्यस्ता आत्मिक स्वभाव प्राप्त गर्छ, जसमा केही ईश्वरीय विशेषताहरू हुन्छन्; जस्तै: ज्ञान, ईश्वरभक्ति र प्रेम (२ पत्रुस १:३-९)। अब उसको आत्मिक स्वभाव दोष, लाज, शक्ति, पाप र विनासको दासत्वमा हुँदैन तर त्यो येशू ख्रीष्टको समानता झन बढ्ता गरी बढ्दैजान स्वतन्त्र भएको हुन्छ। अनि अब उप्रान्त उसको आत्मिक स्वभाव दुष्टको दासत्वमुनि रहँदैन; र उसले दुष्टको योजनाअनुसार जबरजस्ती त्यसको काम गर्नु पर्दैन (२ तिमोथी २:२६)। ऊ त परमेश्वरको सन्तान भएको छ, र अब उसले परमेश्वरको नजरमा जे सही छ त्यही गर्छ र त्यसको साथै परमेश्वर र आफ्नो भाइलाई उसले प्रेम गर्छ (१ यूहन्ना ३:१०)।

इसाईको आत्मिक पुत्रत्वको इतिहासमा सुरुवात छ। नयाँ गरी जन्मेपछि उसको आत्मिक पुत्रत्व सुरु हुँदछ।

ख्रीष्टको सम्बन्धमा आत्मिक पुत्रत्व

तर येशू ख्रीष्टमा यो कुरा लागु हुँदैन। येशू ख्रीष्ट कहिल्यै नयाँ गरी दोस्रोपटक जन्मनुभएन! उहाँको पुत्रत्वको सुरुवात छैन! येशू ख्रीष्ट परमेश्वरको आत्मिक पुत्र होइन। उहाँ परमेश्वरको धर्म पुत्र पनि होइन।

येशू ख्रीष्टसँग ईश्वरीय स्वभाव अनन्तदेखि अनन्तसम्म नै रहिआएको छ। अनन्तदेखि नै उहाँको स्वभाव अथवा साँचो चिनारी परमेश्वरको पुत्र हो। अनन्तदेखि नै उहाँसँग ईश्वरीय स्वभाव छ! इसाईले जस्तो गरी नयाँ जन्म पाएपछि उहाँले आत्मिक स्वभाव धारण गर्नुभएको होइन, उहाँसँग त अनन्तदेखि अनन्तसम्मै ईश्वरीय (आत्मिक) स्वभाव रहिआएको छ। अनन्तदेखि नै उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ, किनभने उहाँसँग परमेश्वरको जस्तै अति महत्वपूर्ण ईश्वरीय स्वभाव छ। उहाँले मानव स्वभाव धारण गर्नुभन्दा पहिलेदेखि नै उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ (भजनसङ्ग्रह २:६-७; यूहन्ना ३:१६)।

येशू ख्रीष्ट अनन्तदेखि अनन्तसम्मै परमेश्वरको पुत्र हुनुहुन्छ। येशू ख्रीष्ट यो संसारमा मानव स्वभाव लिएर जन्मनुहुँदा परमेश्वरको पुत्र हुनुभएको होइन तर उहाँ परमेश्वरको अनन्त पुत्र हुनुभएकोले कन्या मरियममा उहाँले मानव शरीर धारण गरी मानव इतिहासमा मानव स्वभाव लिनुभयो (लूका १:२६-३७)। उहाँले मानव स्वभाव लिएपछि पनि परमेश्वरको पुत्र नै हुनुहुन्छ, किनभने उहाँले पानीको बप्तिस्मा लिनुहुँदा परमेश्वले "तिमी मेरा पुत्र भएका छौ" भन्नुभएन तर "तिमी मेरा पुत्र हुन्, जससँग म अति प्रसन्न छु" भन्नुभयो (मर्कूस १:११)। त्यसै गरी आफू परमेश्वरको पुत्र हुँ भनी स्वयम् येशूले घोषणा गर्नुहुन्छ (मत्ती ११:२७: २१:३७-३९; २७:४३)। प्रेरित यूहन्नाले पनि उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्दछन् (यूहन्ना ३:३५-३६; ५:१९-३०) र त्यसैगरी प्रेरित पावलले पनि उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनी भन्दछन् (रोमी १:३-४,९; ५:१०; ८:३)।

येशू ख्रीष्ट अदृश्य परमेश्वरको दृश्य प्रतिरूप हुनुहुन्छ। येशू ख्रीष्ट अनन्तदेखि अनन्तसम्म परमेश्वरको पुत्र हुनुहुन्छ तर समय आएपछि उहाँले आफ्नो ईश्वरीय स्वभाव मानिसमा प्रकट गर्नुहुन्छ। उहाँ परमेश्वरको महिमाको(परमेश्वरको महत्वपूर्ण ईश्वरीय गुणहरूको) दृश्य चमक हुनुहुन्छ अनि उहाँ परमेश्वरको अदृश्य ईश्वरीय अस्तित्वको दृश्य छाप (प्रभाव, प्रतिनिधित्व) हुनुहुन्छ (कलस्सी १:१५,१९; २:९; हिब्रू १:३)। "पिताको साथमा हुनुहुने एक मात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ (परमेश्वरलाई अभिव्यक्त र व्याख्या गर्नुभएको छ)" (यूहन्ना १:१८; मती ११:२७ सँग तुलना गर्नुहोस्)।

येशू ख्रीष्ट परमेश्वरको आत्मा हुनुहुन्छ। येशू ख्रीष्ट परमेश्वरको आत्मा हुनुहुन्छ भन्ने बारेमा धर्मशास्त्रको अरू खण्डहरूले भनेको कुराहरूमा ध्यान दिनुहोस्। येशू ख्रीष्ट परमेश्वरको आत्मा हुनुहुन्छ, जसले मानव स्वभाव (मानव अवतार) धारण गर्नुभन्दा पहिले पुरानो करारको समयमा अगमवक्ताहरूद्वारा बोल्नुभयो (१ पत्रुस १:१०-१२; २ पत्रुस १:१९-२१)। येशू ख्रीष्ट परमेश्वरको आत्मा हुनुहुन्छ, जसले आफ्नो मानव अवतारमा कन्या मरियमद्वारा मानव शरीर धारण गर्नुभयो (लूका १:२६-३७)। येशू ख्रीष्ट परमेश्वरको आत्मा हुनुहुन्छ जसले पृथ्वीमा आफ्नो सेवकाइ गर्नुहुँदा मानिसहरूलाई बचाउनुभयो, निको पार्नुभयो र छुटकारा दिनुभयो (लूका ४:१८-१९)। र येशू ख्रीष्ट परमेश्वरको आत्मा हुनुहुन्छ, जसले स्वर्गमा आफ्नो सेवकाइ गर्नुहुन्छ: अविश्वासीहरूले बाइबल बुझ्न कोसिस गर्दा उहाँले तिनीहरूको आँखा, समझ र हृदयलाई ढाक्ने पर्दा हटाइदिनुहुन्छ (२ कोरिन्थी ३:१४-१८) अनि पेन्तिकोसपछि उहाँ विश्वासीहरूमा वास गर्नुहुन्छ (रोमी ८:९-१०; गलाती ४:६-७)!

येशू ख्रीष्ट परमेश्वरको वचन हुनुहुन्छ। येशू ख्रीष्ट परमेश्वरको वचन हुनुहुन्छ भनी धर्मशास्त्रको अरू खण्डहरूले भनेको कुरामा ध्यान दिनुहोस्। येशू ख्रीष्ट परमेश्वरको वचन हुनुहुन्छ, जो अनन्तदेखि नै परमेश्वर हुनुहुन्छ (यूहन्ना १:१)। हरेक कुराको सृष्टिकर्ता उहाँ नै हुनुहुन्छ (यूहन्ना १:३; उत्पत्ति १:१-३; भजनसङ्ग्रह ३३:६)। उहाँ परमेश्वरको वचन हुनुहुन्छ, जसले मानव

इतिहासको विशेष कालखण्डमा मानव स्वभाव धारण गर्नुभयो (यूहन्ना १:१४,१८)। उहाँ परमेश्वरको वचन हुनहुन्छ, जो मानव इतिहासमा परमेश्वर र परमेश्वरको इच्छाको अन्तिम प्रकाशको अन्तिम वचन हुनुहुन्छ। येशू ख्रीष्टभन्दा पछाडि अरू अगमवक्ताहरूद्वारा कुनै प्रकाश आउनेछैन (हिब्रू १:१-२)! अनि उहाँ परमेश्वरको वचन हुनुहुन्छ, र उहाँसँग मानव इतिहासमा अन्तिम न्यायमा सबै मानिसहरूको निम्ति अन्तिम वचन हुनेछ (प्रकाश १९:१३-१६)।

६.येशू ख्रीष्ट परमेश्वरको साङ्केतिक पुत्र हुनुहुन्न

इसाईहरूको सम्बन्धमा साङ्केतिक पुत्रत्व

बाइबलमा 'पुत्र' भन्ने शब्दको कहिलेकाहिँ साङ्केतिक अर्थ हुन्छ; जस्तै: साङ्केतिक पुत्र। यो 'पुत्र' भन्ने शब्दले विशेष अवस्थामा कुनै थोकले कुनै व्यक्तिलाई जनाउँछ, जसले केही कुरालाई नजिक ल्याउँछ, जसले कुनै थोकको अद्वितीय विशेषतालाई बुझाउँछ। उदाहरणको लागि लूका १६:८ मा भएको 'ज्योतिको सन्तान' भन्ने वाक्यांशलाई लिन सकिन्छ। त्यसले ज्योति हुनुहुने येशू ख्रीष्टसँगको नजिकको सम्बन्धमा रहने इसाईलाई बुझाउँछ र उसँग ज्योतिजस्तै हुनुहुने ख्रीष्टको अद्वीतीय विशेषताहरू हुन्छन्; जस्तै: उहाँको पवित्रता, धार्मिकता, दया, प्रेम, बुद्धि, शुद्धता आदि। जेजस्तो भए तापनि ज्योतिजस्तै हुने इसाईको साङ्केति पुत्रत्व (अस्तित्व) उसले नयाँ जन्म पाएपछि यो संसारको इतिहासमा सुरु हुँदछ र ऊ ज्योतिको विशेषतामा जिउन अघि बढ्दैजान्छ (मत्ती ५:१४)।

ख्रीष्टको सम्बन्धमा साङ्केतिक पुत्रत्व

तर येशू ख्रीष्टको मामिलामा यो कुरा लागु हुँदैन। परमेश्वरको पुत्र हुनुहुने येशू ख्रीष्टको पुत्रत्व कहिले पनि सामान्यरूपमा साङ्केतिक हुँदैन!

येशू ख्रीष्ट परमेश्वरको प्रतिनिधित्व गर्ने सङ्केत हुनुहुन्न तर उहाँ त स्वयम् परमेश्वर हुनुहुन्छ। उहाँ सामान्यरूपमा परमेश्वरसँग नजिकको सम्बन्धमा खडा हुनुहुन्न अथवा उहाँसँग साधारणरूपमा परमेश्वरका आत्मिक विशेषताहरू रहेको हुँदैन। उहाँ त परमेश्वर नै हुनुहुन्छ! उहाँ ज्योतिको सङ्केत हुनुहुन्न तर स्वयम् ज्योति हुनुहुन्छ (यूहन्ना १:४-९; ८:१२)! उहाँ केवल परमेश्वरजस्तै सङ्केत हुनुहुन्न तर वास्तवमा स्वयम् परमेश्वर नै हुनुहुन्छ (रोमी ९:५; कलस्सी २:९; तीतस २:१३; हिब्रू १:३; २:८-९; १ यूहन्ना ५:२०)!

येशू ख्रीष्टको कुनै सुरुवात र कुनै अन्त छैन। विगतको इतिहासमा कुनै ठाउँमा येशू ख्रीष्ट वास्तविकतामा बदलिनुभएन किनभने उहाँ अनन्तदेखि नै वास्विक हुनुहुन्छ (यूहन्ना १:१)! उहाँको ईश्वरीय पुत्रत्वको (वास्तविकताको) कुनै सुरुवात छैन र त्यसको अन्त पनि छैन (प्रकाश १:८; २:८: २२:१२-१३)!

येशू ख्रीष्ट परमेश्वरको साङ्केतिक पुत्र होइन। 'परमेश्वरको' भन्ने वाक्यांशलाई विशेष अवस्थामा शाब्दिकरूपमा होइन तर साङ्केतिकरूपमा बझ्नुपर्छ। 'परमेश्वरको हात' र 'परमेश्वरको कान' (यशैया ५९:१-२) भन्ने वाक्यांशहरूले शाब्दिकरूपमा परमेश्वरको शारीरिक हात र कान छ भनी बुझाउँदैन तर परमेश्वरले प्रार्थनाहरू साँच्चै सुन्नुहुन्छ र साँच्चै नै मानिसहरूलाई बचाउनुहुन्छ भनेर बुझ्नुपर्छ। २ इतिहास १६:९ मा भएको 'परमेश्वरको आँखा' भन्ने वाक्यांशले परमेश्वरको शारीरिक आँखालाई बुझाउँदैन तर उहाँले हरेक व्यक्ति र हरेक थोक देख्नुहुन्छ भनेर बुझाउँछ (हिब्रू ४:१३)। तैपनि, 'परमेश्वरको पुत्र' भन्ने वाक्यांशले येशू ख्रीष्ट परमेश्वरको साङ्केतिक पुत्र हो भनी बुझाउँदैन बरु त्यसको सट्टामा उहाँ वास्तविकरूपमा परमेश्वरको अलौकिक पुत्र हुनुहुन्छ भनी बुझाउँछ।

---

७. येशू ख्रीष्टको मृत्यु र पुनरुत्थानपछि पनि उहाँलाई परमेश्वरको पुत्रको रूपमा नियुक्त र स्वीकार गरियो

(१) पहिलो आगमनभन्दा पहिले येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ

पुरानो करारका अगमवक्ताहरूद्वारा परमेश्वरले येशू ख्रीष्टको बारेमा यसो भन्नुभयो, "म तिनका पिता हुनेछु र तिनी मेरा पुत्र हुनेछन्" (२ शमूएल ७:१४; हिब्रू १:५ख)। २ शमूएल ७:१२-१६ को लेखकले दाऊदको छोराको बारेमा बोल्दा, १ इतिहास १७:११-१४ को लेखकले ती शब्दहरू दाऊदका छोराहरूमध्ये एकजनामा पूरा हुनेछन् भनी बताए, र एक जनामा मात्र ती शब्दहरू पूरा हुन सक्थ्यो! "त्यसको सिंहासन सदासर्वदाको निम्ति स्थिर रहनेछ" (१ इतिहास १७:१४)। गब्रिएल स्वर्गदूतले मरियमलाई भनेका शब्दहरूअनुसार यो अगमवाणी येशू ख्रीष्टमा पूरा हुनेछ भनी पक्का भयो: "परमप्रभु परमेश्वरले उहाँलाई

उहाँका पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ। उहाँले याकूबको वंशमाथि सदासर्वदै राज्य गर्नुहुनेछ, र उहाँको राज्यको अन्त्य हुनेछैन" (लूका १:३२ख-३३)।

(२) उहाँको जन्मको घोषणा हुदा येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ

येशू ख्रीष्टको जन्मको सुचना दिँदा गब्रिएल स्वर्गदूतले मरियमलाई यसो भन्यो, "उहाँ महान् हुनुहुनेछ, र परमप्रधानका पुत्र कहलाइनुहुनेछ" (लूका १:३२क)। उहाँले स्वर्गमा आफ्नो सिंहासनमा यो दर्जा प्राप्त गर्नुहुन्थ्यो (लूका १:३२ख-३३)। उहाँको सिंहासनमा यो कुरा मानव इतिहासमा स्पष्ट भयो, कि पूर्ण ईश्वरीय शक्तिमा येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ।

(३) पानीको बप्तिस्मा लिनुहुँदा येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ

बप्तिस्मा दिने यूहन्नाद्वारा येशूले पानीको बप्तिस्मा लिनुहुँदा स्वर्गबाट आएको परमेश्वरको वचनले यसो भन्यो, "तिमी मेरा प्रिय पुत्र हौ, तिमीसँग म अति प्रसन्न छु" (मर्कूस १:११)।

(४) मृत्युबाट पुनरुत्थान हुनुभन्दा पहिले र पछाडि येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ

पावलले 'परमेश्वरको पुत्रको विषयको सुसमाचार'को बारेमा बताउँछन् (रोमी १:१-३क)। तिनले परमेश्वरको पुत्रको मानव स्वभावको कुरा गर्दछन् र 'शरीरअनुसार' येशू र 'आत्माअनुसार' येशूबीचको फरक देखाउँछन् (रोमी १:३ख-४)। दाऊदको वंशबाट जन्म लिनुभएपछि येशूको शरीर अथवा मानव स्वभावलाई 'कमजोरी'ले चित्रण गरेको थियो: उहाँ थाक्नुभयो, भोकाउनुभयो अनि तिर्खाउनुभयो। उहाँले चिन्ता-फिक्री र परीक्षा अनुभव गर्नुभयो किनभने त्यतिबेला उहाँसँग मरणशील मानव शरीर थियो। मृत्युबाट पुनरुत्थान हुनुभएपछि येशूको मानव स्वभाव पवित्र आत्माको शक्तिले गर्दा 'शक्ति'ले चित्रण गरेको थियो: पुनरुत्थान भएको उहाँको शरीर प्राकृतिक व्यवस्थाहरूको नियन्त्रणमा थिएन तर त्यसलाई पूर्णरूपमा पवित्र आत्माले नियन्त्रण गरेको थियो। उहाँले चिहानमा कात्रो र चट्टानलाई पार गर्नुभयो त्यसैगरी उहाँ बन्द ढोका पार गरेर घरभित्र छिर्नुभयो। त्यतिबेला उहाँ देखा पर्न पनि सक्नुहुन्थ्यो अनि अलप हुन पनि सक्नुहुन्थ्यो। अन्तमा, उहाँ स्वर्गमा उचालिनुभयो र परमेश्वरको दाहिने हातपट्टि विराजमान हुनुभयो।

"येशू ख्रीष्ट हाम्रा प्रभु मरेकाहरूबाट पुनरुत्थान हुनुभएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो (रोमी १:४)" भन्ने शब्दहरूको अर्थ पुनरुत्थान हुनुभएपछि मात्र उहाँ परमेश्वरको पुत्र बन्नु भयो भन्ने होइन। किनभने येशू ख्रीष्ट अनन्तदेखि नै परमेश्वर हुनुहुन्छ। यहाँ 'शक्तिमा' भन्ने शब्दमा जोर दिएको छ, जसको अर्थ उहाँलाई शक्ति पहिऱ्याइयो भन्ने हुन्छ। उहाँको जन्मपछि उहाँको महिमामा उहाँको सबै शक्ति लुकाइएको थियो, जसले गर्दा हामीले त्यसलाई देख्न सकेनौँ। तर मृत्युपछि उहाँको पुनरुत्थानपश्चात् येशू ख्रीष्टलाई स्वर्ग र पृथ्वीमा सबै शक्ति पहिऱ्याएर परमेश्वरको पुत्र भनी घोषणा गरियो (नियुक्त गरियो, निर्णय गरियो) (मत्ती २८:१८; यूहन्ना १३:३; एफिसी १:२०-२२) अनि केही विशेष कुराले उहाँको पुनरुत्थानभन्दा पहिलेको मानवीय अवस्थालाई उछिन्यो। यद्यपि येशू ख्रीष्ट (पराभौतिक, तत्वशास्त्रीय र अनन्त अर्थमा) अनन्तदेखि नै परमेश्वरको पुत्र हुनु भए तापनि उहाँले आफ्नो पुनरुत्थान, स्वर्गारोहण र सिंहासनमा विराजमानपछि स्वर्ग र पृथ्वीमा र हाम्रो मानव इतिहासमा पूर्ण सार्वभौम शक्ति अभ्यास गर्न सुरु गर्नुहुन्छ। मृत्यु र पनरुत्थानमा उहाँले आफ्नो पूर्ण आज्ञाकारिता प्रमाणित गर्नुभएपछि मात्र इसाई मण्डली सारा संसारमा फैलिन थाल्यो (यूहन्ना १२:३१-३२; रोमी १:५; १६:२५-२६)।

(५) स्वर्गको सिंहासनमा विराजमान हुँदा येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ

हिब्रूहरूलाई लेखिएको पत्रमा परमेश्वरले भन्नुहुन्छ: "तिमी मेरा पुत्र हौ; आज म तिम्रो पिता भएको छु" (शाब्दिक अर्थ: "आज मैले तिमीलाई जन्माएको छु") (भजनसङ्ग्रह २:७: हिब्रू १:५क)। यद्यपि स्वर्गदूतहरूलाई सामुहिकरूपमा 'परमेश्वरका पुत्रहरू' (Hebrew: bene ha-Elohim, उत्पत्ति ६:२,४; अय्यूब १:६; २:१) भनेर सम्बोधन गर्न सकिने भए तापनि, कुनै स्वर्गदूतलाई कहिल्यै 'परमेश्वरको पुत्र' भनिएको छैन - यो वाक्यांशले उहाँलाई अलग अनि रोजिएको प्रतिष्ठा दिँदछ। भजन २:७क-९ स्पष्टरूपमा यहूदाको राजालाई अभिषेक गरिँदा प्रयोग गरिएको उपासनाबाट सुरु भएको थियो तर सम्पूर्ण भजन २ मा उल्लेखित अगमवाणी मसिह-राजाको बारेमा छ, जनु दाऊदको वंशबाट आउनेवाला हुनुहुन्थ्यो (यर्मिया २३:५-६; इजकिएल ३७:२४-२८)। नयाँ करारले भजन २ लाई मसिही भजन मान्दछ (प्रेरित ४:२५-२६; १३:३३)। भजन २ भनेको मसिहले (परमेश्वरको अभिषिक्त जनले) आफ्नो भरोसाको आधारमा पृथ्वीका राजाहरू र संसारको शक्तिहरू उहाँको विरुद्धमा जम्मा हुँदाखेरि भन्नुभएको शब्दहरू हुन् (भजन २:२)।

"आज मैले तिमीलाई जन्माएको छु" भन्ने परमेश्वरका शब्दहरूका अर्थ उहाँको जन्ममा येशू ख्रीष्ट परमेश्वरको पुत्र बन्नुभएको होइन! हिब्रू १ अध्यायको सन्दर्भलाई हेर्ने हो भने 'आज' भन्ने शब्दले येशू ख्रीष्टलाई उच्च पारेर सिंहासनमा बसालेको कुरालाई जोर दिन्छ (भजन ११०:४; हिब्रू १:१३)। तसर्थ, उहाँको पुनरुत्थानमा, स्वर्गारोहणमा र सिंहासनमा विराजमान हुँदा येशू ख्रीष्टले राजकीय प्रतिष्ठामा 'परमेश्वरको पुत्र' भन्ने ओहोदा प्राप्त गर्नुभयो। यो ओहोदा पृथ्वीका सबै मानिसहरूभन्दा (प्रेरित २:३६; फिलिप्पी २:९-११) र स्वर्गका सबै दूतहरूभन्दा (हिब्रू १:३-५) उच्च हो। 'परमेश्वरको पुत्र' भन्ने दर्जाले उहाँ वास्तवमा को हुनुहुन्छ अनि उहाँको पुनरुत्थान, स्वर्गरोहण र सिंहासनमा विराजमान हुनको निम्ति उहाँ स्वीकारिनुभएको छ भन्ने कुरालाई बुझाउँछ। उहाँ अलौकिक पराभौतिकी (metaphysical), तत्वशास्त्रीय (ontological), त्रिएकत्व (trinitarian) र अनन्त (eternal) धारणाअनुसार उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ।

---

८. येशू ख्रीष्ट अलौकिक पराभौतिक, तत्वशास्त्र, त्रिएकत्व र अनन्त धारणाअनुसार परमेश्वरको पुत्र हुनुहुन्छ

बाइबलको परमेश्वर तत्वशास्त्रको धारणाअनुसार येशू ख्रीष्टको पिता हुनुहुन्छ

'तत्वशास्त्र' भनेको तत्वहरूको अस्तित्वको सिद्धान्त हो। परमेश्वर पिता र परमेश्वर पुत्रसँग अनन्तदेखि उही ईश्वरीय अस्तित्व र उही ईश्वरीय स्वभाव रहीआएको छ। परमेश्वर पिता र परमेश्वर पुत्रबीचको सम्बन्ध कहिले पनि शारीरिक सम्बन्ध हुँदैन तर इसाईहरूले यसरी सिकाउँछन् भनी केही धर्महरूले झूटो आरोप लगाउँछन्। यो सधैँ अलौकिक पराभौतिक, तत्वशास्त्रीय, त्रिएकत्व र अनन्त अवधारणाअनुसार आन्तरिक सम्बन्ध हो।

बाइबलको परमेश्वर भनेको "परमेश्वर र हाम्रो प्रभु येशू ख्रीष्टको पिता" हुनुहुन्छ (१ कोरिन्थी १:३; एफिसी १:३)। येशू ख्रीष्ट 'परमेश्वरको पुत्र', 'अति प्रिय' र 'जोसँग परमेश्वर अति प्रसन्न हुनुहुन्छ' (मत्ती ३:१७:१७:५)। उहाँ परमेश्वरको एक मात्र पुत्र हुनुहुन्छ (यूहन्ना १:१८: ३:१६)। उहाँ परमेश्वरको आफ्नै पुत्र हुनुहुन्छ (रोमी ८:३२)। उहाँ परमेश्वरको अनन्त पुत्र हुनुहुन्छ (यूहन्ना १७:५,२४)। संसारका अरू सबै धर्महरूको सबै देवताहरू अलौकिक पराभौतिक, तत्वशास्त्रीय, त्रिएकत्व र अनन्तको अवधारणाअनुसार 'येशू ख्रीष्टको पिता' होइनन्; त्यसैले तिनीहरू परमेश्वर होइनन्! बाइबलको परमेश्वरसँग तिनीहरूको कुनै समानता, सम्बन्ध अथवा मिल्ने कुरा केही छैन!। पुरानो करारले येशू ख्रीष्टलाई 'शक्तिशाली परमेश्वर' र 'अनन्तका पिता' भन्दछ (यशैया ९:६; १०:२०-२१ सँग तुलना गर्नुहोस्)। अनि नयाँ करारमा येशूले, 'परमेश्वर पिता' र 'परमेश्वर पुत्र' एकै हुनुहुन्छ भनेर सिकाउनुहुन्छ (यूहन्ना १०:३०)।

इसाई मण्डलीले एक परमेश्वरमाथि विश्वास गर्छ र त्यसलाई स्वीकार गर्छ, जोसँग एक ईश्वरीय अस्तित्व र स्वभाव छ, जसले मानव इतिहासमा आफ्नो सृष्टिमा आफैलाई परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्माको व्यक्तित्वहरूमा प्रकट गर्नुभएको छ (मत्ती २८:१९)।

बाइबलको परमेश्वर तत्वशास्त्रीय धारणाअनुसार होइन तर आत्मिक धारणाअनुसार इसाईहरूका पिता हुनुहुन्छ

इसाईहरू कुनै पनि हालतमा 'परमेश्वर' होइनन् र कहिल्यै 'परमेश्वर' हुँदैनन् तर सधैँ परमेश्वरका सृष्टिहरू भइरहनेछन्। परमेश्वरमा विश्वास गर्नुभन्दा पहिले तिनीहरू बाइबलको परमेश्वरको सत्रुहरू थिए (रोमी ५:१०)। तर येशू ख्रीष्टमा विश्वास गर्न सुरु गरेपछि तिनीहरू परमेश्वरका आत्मिक छोराछोरीहरू भए (एफिसी १:५) अथवा तिनीहरू परमेश्वरका आत्मिक सन्तान भए (यूहन्ना १:१२-१३)। परमेश्वरका आत्मिक सन्तान भएका हुनाले तिनीहरूले बाइबलको परमेश्वरको आत्मिक विशेषताहरू अझ बढी प्राप्त गर्दैजान्छन् (एफिसी ४:२४; २ पत्रस १:४; १ यूहन्ना ३:१-३)।

बाइबलको परमेश्वरले सबै इसाईहरूमाथि स्वर्गबाट आफ्नो शासन चलाउनु गर्नुहुन्छ, अनि उहाँले येशू ख्रीष्टद्वारा सबै इसाईहरूको लागि मुक्तिको योजना कार्यान्वयन गर्नुहुन्छ, र पवित्र आत्माद्वारा सबै इसाईहरूमा वास गर्नुहुन्छ। बाइबलको परमेश्वरको एकता र पिता, पुत्र र पवित्र आत्माको ईश्वरीय स्वभावको एकताबाट इसाईहरूमाझको एकता प्राप्त गर्न सकिन्छ। इसाईहरूले बाइबलको उही परमेश्वरको आराधना गर्नु, आफ्ना पापहरूको लागि उही मुक्तिदाता पाउनु, आफूमा वास गर्ने उही पवित्र आत्मा पाउनु र त्यसैगरी उही विश्वास, उही आशा र उही प्रेम- यी कुराले इसाई मण्डलीको एकतालाई प्रदर्शन गर्दछ (एफिसी ४:३-६)!

---

९. येशू ख्रीष्ट मरियमको शारीरिक पुत्र हुनुहुन्छ (उहाँको मानव स्वभावमा) र उही समयमा परमेश्वरको एक मात्र जन्माइएको पुत्र हुनुहुन्छ (उहाँको ईश्वरीय स्वभावमा)

येशू ख्रीष्ट मरियमको शारीरिक पुत्र हुनुहुन्छ बनी उहाँको वंशावलीले प्रमाणित गर्दछ

मत्तीले लेखेको वैधानिक वंशावली - मत्तीले आफ्नो सुसमाचार विशेष गरी यहूदीहरूका लागि लेखेका थिए, र त्यसैकारण तिनले वैधानिक मामिलाहरूमा निकै चासो देखाए। तिनले अब्राहामदेखि तल झेरेर येशूसम्मको वैधानिक वंशावली प्रस्तुत गर्दछन्। मत्ती १:१-१२ मा हेर्दा उक्त वंशावली अब्राहामबाट दाऊद अनि सोलोमन (नातान होइन) र यरूबाबेल (इ.पूं. ५३८ मा यहूदीहरू बेबिलोनबाट फर्केको समयको राजा) सम्म पुग्छ (एज्रा १:११-२:२)। त्यसैगरी मत्ती १:१३-१६ मा हेर्दा उक्त वंशावली यरुबाबेलदेखि अबिउद (रेसा होइन) हुँदै याकूब (हेली होइन) सम्म पुग्छ। याकूब मरियमको लोग्ने योसेफका पिता हुन्। मरियमले येशूलाई जन्माइन्, जसलाई ख्रीष्ट भनिन्छ (मत्ती १:१३-१६)। याकूब योसेफका शारीरिक पिता हुन्। योसेफ येशूको शारीरिक पिता होइन तर उनी येशूको वैधानिक पिता हुन् किनभने तिनी मरियमको वैधानिक पति हुन्। यसरी, येशू यहूदीहरूका लागि अति महत्वपूर्ण व्यक्ति हुनुहुन्छ भनी मत्तीले निष्कर्ष निकालेका छन्!

आफ्नो मानव स्वभावमा येशू ख्रीष्ट 'अब्राहामको शारीरिक पुत्र' (उत्पत्ति २२:१८; मत्ती १:१; प्रेरित ३:२५; गलाती ३:८,१६), दाऊदको शारीरिक पुत्र (२ शमूएल ७:१२-१६; यशैया ९:६-७; ११:१; यर्मिया २३:५-६; लूका १:३२; प्रकाश २२:१६) र मरियमको शारीरिक पुत्र (मत्ती १:१८; लूका १:३१) हुनुहुन्छ, तर उहाँ योसेफका शारीरिक पुत्र होइन। यसरी मानव स्वभावअनुसार उहाँ अब्राहाम, दाऊद र मरियमबाट आउनुभयो (मत्ती १:१,१६)। यसप्रकार अदृश्य अनि अनन्त परमेश्वर यो दृश्य सृष्टि र संसारको इतिहासको समयमा प्रवेश गर्नुभयो।

लूकाले लेखेको स्वभाविक वंशावली - लूकाले आफ्नो वंशावली विशेषगरी अन्यजातिहरूलाई लेखेका हुनाले तिनले ऐतिहासिक तथ्यहरूमा अति चासो राखे (लूका १:१-४)। तिनले येशूको वंशावली यसरी प्रस्तुत गरेका छन्, कि त्यो येशूबाट माथि गएर आदमसम्म र अन्तमा परमेश्वरमा पुगेको छ। लूका यसरी लेख्छन्: "मानिसहरूले (यहूदीहरूले) उहाँ योसेफका छोरा हुन् भन्ठान्थे। योसेफ एलीका छोरा थिए" (लूका ३:२३)। यसलाई तल यसरी प्रमाणित गरिएअनुसार यसको सम्भावित अर्थ यस्तो हुन्छ: "योसेफ एलीको ज्वाइँ थिए र एलीचाहिँ मरियमको पिता थिए अनि मानवीय स्वभावअनुसार तिनी आमापट्टिबाट येशूको बाजे थिए! लूका ३:२३-२७ मा हेर्दा, उक्त वंशावली योसेफबाट एलीमा (याकूब होइन) जान्छ र अझ माथि गएर रेसामा (अबिउदमा होइन) जान्छ र अन्तमा यरुबाबेलमा पुग्छ। त्यसैगरी लूका ३:२७-३१ मा हेर्दा, उक्त वंशावली येरुबाबेलबाट नातानमा (सलोमोनमा होइन) जान्छ र त्यो माथि गएर दाऊदमा पुग्छ अनि लूका ३:२८-३७ मा हेर्दा, त्यो महत्वपूर्ण वंशावलीहरू अब्राहम हुँदै माथि आदमसम्म पुग्छ। यसर्थ, येशू संसारको सबै मानिसहरूका लागि महत्वपूर्ण व्यक्ति हुनुहुन्छ भनी लूकाले निष्कर्ष निकाल्छन्!

लूकाले लेखेको वंशावली मरियमको सम्भावित वंशावली हो तर यो योसेफको वंशावली होइन भन्ने केही कारणहरू यस प्रकारका छन्:

- लूकाले येशूको जन्मको घोषणा, येशूको जन्म र येशूको वंशावलीसम्बन्धी तथ्यहरूलाई होसियारीसाथ अनुसन्धान गरे (लूका १-३ अध्यायहरू)।
- गब्रिएल स्वर्गदूतले मरियमलाई यसरी घोषणा गऱ्यो, कि येशूको जन्म अचम्म रितिले पवित्र आत्माको शक्तिद्वारा कन्याबाट हुनेछ- यसले येशू योसेफको शारीरिक पुत्र हुनुहुनेछैन तर मरियमको शारीरिक पुत्र हुनुहुनेछ भनी बताउँछ (लूका १:२६-३७)। येशू दाऊदको सिंहासनको उत्तराधिकारी हुनुहुनेछ भनेर पनि गब्रिएलले भन्यो र उहाँ अन्तिम राजा हुनुहुनेछ र उहाँको राज्य कहिले अन्त हुँदैन भन्ने कुरा पनि भन्यो (लूका ३:३२)।
- पवित्र आत्माले भरिएर पूजाहारी जकरियाले येशूको बारेमा अगमवाणी गऱ्यो, कि उहाँ दाऊदको घरानाबाट आउनुहुने प्रतिज्ञा गरिएको मुक्तिदाता हुनुहुन्छ (लूका १:६९)। इस्राएलमा महिलाहरू पनि वैधानिकरूपमा उत्तराधिकारीहरू हुन सक्ने भएकोले (गन्ती २७:८), मरियम त्यतिबेला राजा दाऊदको वंशको अति महत्वपूर्ण स्थान ओगटेकी स्त्री थिइन्!
- बाइबलको वंशावलीले अति महत्वपूर्ण व्यक्तिहरूका नाउँलाई मात्र उल्लेख गर्दछ र त्यही कुलको अरू व्यक्तिहरूको नाउँलाई छोडिदिन्छ; जस्तै: मत्तीले Ahaziah (Athaliah), Joash, Amaziah राजाहरूलाई राजा यरोबाम र राजा उज्जियाहको बीचको छोडिदिन्छन्। तिनले यरोबामलाई उज्जियाहको पिता भन्दछन्; जब कि वास्तवमा तिनी उज्जियाहका जिजुबाजे हुन् (मत्ती १:८-९)! तसर्थ, कुनै व्यक्तिको पिता भन्ने शब्दले उसको बाजे अथवा जिजुबाजे अथवा जिजुबराजुलाई पनि बुझाउन सक्छ किनभने महत्वहीन पुस्ताहरूको नाउँलाई कहिलेकाहिँ बाइबलले उल्लेख

गर्दैन। मत्तीले दाऊददेखि यरुबाबेलसम्म १७ नाउँहरू उल्लेख गर्छन् भने लूकाले २३ नाउँहरू उल्लेख गर्छन्। लूकाले पनि आफ्नो वंशावलीमा थुप्रै पुस्ताहरूलाई छोडेका छन्। दाऊददेखि आदमसम्म तिनले ३४ नाउँहरू उल्लेख गरेका छन्, जुन करिब ८५० वर्ष हो र उक्त समयअवधिको लागि त्यो सङ्ख्या निकै थोरै हो!

- अर्को कुरा के हो भने "आदम परमेश्वरको पुत्र" भन्ने वाक्यांशलाई शाब्दिकरूपमा बुझ्न सकिँदैन (लूका ३:३८)।
- त्यसैगरी "मानिसहरू उहाँ योसेफका छोरा हुन् भन्ठान्थे। योसेफ एलीका छोरा थिए" (लूका ३:२३) भन्ने वाक्यको भनाइलाई पनि शाब्दिकरूपमा लिनु हुँदैन। त्यहाँ कुनै पुस्तालाई नसमेटेको हुन सक्छ। त्यसकारण, त्यहाँ योसेफ एलीको ज्वाइँ हुनसक्ने ठूलो सम्भावना रहन्छ, जसको मतलब मरियम एलीको छोरी हुन आउँछ। तर प्राय: वंशावलीहरूमा महिलाको नभई पुरुषको नाउँहरू उल्लेख गरिने भएकोले त्यहाँ वैधानिकरूपले मरियमको सट्टामा तिनको पति योसेफको नाउँ लेखिएको हुनुपर्छ।
- यहूदी धर्मशास्त्र ताल्मुदले मरियम एलीकी छोरी हुन् भनी बताउँछ। यदि लूकाले मरियमको वंशावली उल्लेख गरेका हुन् भने मात्र त्यो कुरा सत्य ठहर्न सक्छ। सिनियाटिक सिरियन पाण्डुलिपिले (Siniatic-Syrian manuscript) लूका २:४ लाई यसरी अनुवाद गर्दछ: "किनभने तिनीहरू (योसेफ र मरियम) दाऊदको वंश र घरानामा पर्दथे।" यसरी, धर्मशास्त्र (लूका १:३१-३३) र बाइबलभन्दा बाहिरको ऐतिहासिक कागजातहरूले मरियम राजा दाऊदको वंशअन्तर्गत पर्छिन् भनी ठान्दछ। त्यसैकारणले गर्दा लूका ३:२३ मा लेखिएको कुरालाई "योसेफ एलीको ज्वाइँ हुन्" भनी मान्नै पर्छ। अर्कोतिर हेर्ने हो भने योसेफ याकूबको शारीरिक छोरा हुन् भनी मत्ती १:१६ ले बताउँछ।

निष्कर्ष - यसरी, मत्तीले येशूको वैधानिक पिता योसेफमार्फत उहाँको वैधानिक वंशावली प्रस्तुत गर्दछन् भने लूकाले चाहिँ येशूको शारीरिक आमा मरियममार्फत उहाँको शारीरिक वंशावली प्रस्तुत गर्दछन्।

येशू ख्रीष्ट शारीरिकरूपमा अब्राहमको पुत्र हुनुहुन्छ, शारीरिक रूपमा 'दाऊदको पुत्र'[1] हुनुहुन्छ अनि शारीरिकरूपमा 'मरियमको पुत्र'[2] हुनुहन्छ। यसले उहाँ मानव स्वभावमा अब्राहाम, दाऊद र मरियमबाट आउनुभएको कुरालाई पुष्टि गर्छ (मत्ती १:१,१६)। यसले अदृश्य अनि अनन्त परमेश्वर कसरी दृश्य सृष्टि र संसारको इतिहासको समयमा प्रवेश गर्नुभयो भनी बताउँछ।

तर येशू ख्रीष्ट शारीरिकरूपमा परमेश्वरको पुत्र हुनुहुन्न। उहाँ त परमेश्वरको एक मात्र पुत्र हुनुहुन्छ (यूहन्ना १:१४,१८; ३:१६,१८)

पहिले हामी जन्माउनु, पिता अथवा उत्पादन गर्नु (Greek: gennao; English: beget, procreate, father, produce or give birth) भन्ने शब्दलाई व्याख्या गर्नेछौँ।

त्यसपछि हामी एक मात्र (Greek: monogenes; English: only-begotten) भन्ने शब्दलाई व्याख्या गर्नेछौँ र अन्तमा त्रिएक (Trinity) भन्ने शब्दलाई हेर्नेछौँ।

गेन्नाओ (gennao) भन्ने ग्रीक शब्दको ६ वटा अर्थहरू छन्:

(१) शारीरिक अर्थमा पिता हुनु - यो शारीरिक पुत्रत्व उत्पादन गर्नु हो।

- शारीरिकरूपमा जन्माउनु - यो मानिसलाई भनिएको हो। वंशावलीहरू हेर्नुहोस्: कर्मवाच्य: 'क' ले 'ख' लाई जन्मायो (उत्पत्ति ४:१८)। भाववाच्य: स्त्रीले के जन्माइन, गर्भधारण गर्नु (मत्ती १:२०); मानिसद्वारा जन्माउनु अथवा गर्भधारण गर्नु (हिब्रू ११:१२); व्यभिचारबाट जन्माइनु (वैवाहिक सम्बन्धभन्दा बाहिरबाट) (यूहन्ना ८:४१); पापमा जन्मिएको, गर्भधारण भएको (यूहन्ना ९:३४)।
- शारीरिकरूपमा जन्माउनु - पवित्र आत्माको प्रभावलाई भनिएको। लूका १:३५ ले भन्दछ, "पवित्र आत्मा तिमीमा आउनुहुनेछ, र सर्वोच्चका शक्तिको छाया तिमीमाथि पर्नेछ। यसैकारण जो जन्मनुहुनेछ, उहाँ पवित्र, अर्थात् परमेश्वरका पुत्र कहलाइनुहुनेछ।" पवित्र आत्माले कन्या मरियमा ईश्वरीय प्रभावको अभ्यास गर्नुभयो र तिनमा येशूको भौतिक शरीर मात्र सृष्टि गर्नुभयो। उहाँले येशूको ईश्वरीय स्वभाव सृष्टि गर्नुभएन किनभने उहाँको ईश्वरीय स्वभाव त अनन्त छ! अनन्तको परमेश्वर शारीरिक मानिसको रूपमा मानव इतिहासको सृष्टिअन्तर्गत जन्मनुभयो र येशू नाउँ लिनुभयो। येशूले

[1] "Born of the seed of David" (Greek: genomenou ek spermatos David < ginomai = to be born) (Roman 1:3)
[2] "Born of a woman" (Greek: genomenon ek gunaikos < ginomai = to be born (Galatians 4:4)

आफ्नो मानव स्वभाव आफ्नी आमाबाट प्राप्त गर्नुभयो तर कुनै पिताबाट होइन! कुनै पनि किसिमले येशू अरू मानवजातिजस्तो गरी शारीरिकरूपमा जन्मनुभएन किनभने परमेश्वरको शारीरिक अथवा भौतिक शरीर हुँदैन!

(२) आत्मिक (लाक्षणिक) अर्थमा पिता बन्नु । आत्मिक पुत्रत्व उत्पन्न गर्नु।

- आत्मिकरूपमा जन्माउनु - मानिसको प्रभावलाई भनिएको हो। पावलले कोरिन्थीका इसाईहरूलाई यसरी लेखे, "सुसमाचारद्वारा ख्रीष्ट येशूमा म तिमीहरूका पिता बनेँ (शाब्दिकरूपमा मैले तिमीहरूलाई जन्माएँ) (१ कोरिन्थी ४:१५)। यसको अर्थ के हो भने सुसमाचार प्रचार गरेर पावल तिनीहरूका आत्मिक पिता बने।
- आत्मिकरूपमा जन्माउनु - परमेश्वरको आत्माको प्रभावलाई भनिएको हो। मानिसहरूले येशू ख्रीष्टमा विश्वास गरेपछि तिनीहरू 'परमेश्वरबाट जन्मन्छन्' (Greek: ek theou egennethesan) (यूहन्ना १:१३; १ यूहन्ना २:२९; ३:९; ४:७; ५:१,४,१८); अथवा 'माथिबाट जन्मन्छन् (Greek: gennethe anothen) (यूहन्ना ३:३); अथवा 'आत्माबाट जन्मन्छन्' (Greek: gennethe eks ... pneumatos) (यूहन्ना ३:५)। तिनीहरूको आत्मिक दोहोरो जन्मको कारण पवित्र आत्मा परमेश्वर हुनुहुन्छ। येशू नै ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर्ने हरेक व्यक्ति परमेश्वरबाट जन्मिएक हुन्छ (परमेश्वरबाट नयाँ सृष्टि भएकोले आत्मिक जीवन पाउँछ (Greek: ton gegennesmenon eks autou) (१ यूहन्ना ५:१क)। जन्माउनेलाई प्रेम गर्ने हरेक व्यक्तिले, उहाँबाट जन्मिएको बालकलाई प्रेम गर्छ (१ यूहन्ना ५:१ख)। यसले येशू ख्रीष्टलाई बुझाउन सक्छ तर प्रायजसो यसले इसाई भाइलाई बुझाउँछ (१ यूहन्ना २:९-१० सँग तुलना गर्नुहोस्)।

(३) अद्वितीय अर्थमा पिता बन्नु - पराभौतिक अथवा तत्वशास्त्रीय अनन्त पिता बन्नु (स्वीकार गरिनु) (पराभौतिक अथवा तत्वशास्त्री पुत्रत्वसँग तुलाना गर्नुहोस्)।

येशू ख्रीष्टको पुनरुत्थान, स्वर्गारोहण र सिंहासनमा विराजमानमा पवित्र आत्मा परमेश्वरको प्रभावद्वारा परमेश्वरको पुत्रले पृथ्वीमा आफ्नो पूर्ण सार्वभौम शक्ति अभ्यास गर्न सुरु गर्नुभयो अनि उहाँ स्वर्गमा र पृथ्वीमा सबै अधिकार भएको परमेश्वरको पुत्रको रूपमा स्वीकार गरिनुभयो र समर्थन पाउनुभयो (मत्ती २८:१८; रोमी १:४; प्रकाश १:५-६ सँग तुलना गर्नुहोस्)। उक्त घटनामा परमेश्वरले भन्नुभयो, "तिमी मेरा पुत्र हौ; आज म तिम्रो पिता बनेको छु' (Greek: gegenneka, perfect tense) (हिब्रू १:५क; भजन २:७ सँग तुलना गर्नुहोस्)। येशू ख्रीष्ट अनन्तदेखि (यूहन्ना १७:१-५) र उहाँको पहिलो आगमनभन्दा पहिले (यूहन्ना ३:१६; हिब्रू १:६) परमेश्वरको पुत्र रहिआउनुभएको छ तर उहाँले आफ्नो मृत्यु (जहाँ उहाँले पापहरूको पश्चाताप गर्नुभयो), उहाँको पुनरुत्थान (मृत्युबाट), उहाँको स्वर्गारोहण (स्वर्गमा) र सिंहासनमा विराजमान (परमेश्वरको सिंहासनमा) हुनुभए पछि परमेश्वरको पुत्रको पूरा अधिकारलाई अभ्यास गर्न सुरु गर्नुहुन्छ (हिब्रू १:८-९ सँग तुलना गर्नुहोस्)।

(४) शारीरिक अर्थमा आमा बन्नु (जन्म दिनु)

"तिनले छोरा जन्माइन्" (लूका १:५७)। "बालकलाई जन्म दिने स्त्री" (यूहन्ना १६:२१)। "यही कारणले म जन्मेको थिएँ" (यूहन्ना १८:३७)। "उसको आफ्नै भाषा, जसमा उसको जन्म भएको थियो" (प्रेरित २:८)। "म रोमी नागरिक भएर जन्मेको थिएँ" (प्रेरित २२:२८)।

(५) आत्मिक (लाक्षणिक) अर्थमा आमा बन्नु।

सिनै पर्वतको करारले (हागारले) "दासहरू हुनको निम्ति सन्तान जन्माउँछिन्", पापको दासहरू र व्यवस्थाको दासहरू (गलाती ४:२४-२५; गलाती ३:२१-२३)।

(६) उत्पन्न गर्नु अथवा हुनु

मूर्ख र बेसमझका तर्क-वितर्कहरूले झगडा जन्माउँछ (उत्पन्न गर्छ)" (२ तिमोथी २:२३)।

ग्रीक शब्द 'मोनोगेनेस' (monogenes) को अर्थ एक मात्र हो।

यूहन्ना १:१८ मा यो शब्दले मानव संसारसँग उस्तै देखिने कुनै कुरा बुझाउँदैन। यसले विगतमा कुनै ठाउँमा सुरु भएको कुरालाई बुझाउँदैन। यो यस्तो शब्द हो, जसले ख्रीष्टको त्रिएकत्वको पुत्रत्वलाई व्याख्या गर्दछ।

(१) एक मात्र भन्न शब्दले येशूको मानव स्वभावको सुरुवातलाई बुझाउन सक्दैन

'एक मात्र' भन्ने शब्दले येशू शारीरिकरूपमा परमेश्वरको एक मात्र पुत्र भनी बुझाउन सक्दैन किनभने उहाँले मानव स्वभाव धारण गर्नुभन्दा पहिलेदेखि नै उहाँ 'एक मात्र पुत्र' हुनुहुन्थ्यो (यूहन्ना ३:१६)! त्यसकारण, 'एक मात्र' भन्ने शब्दको यो सृष्टि गरिएको संसारसँग केही सम्बन्ध छैन! यो एक मात्र पुत्र भनेको माथिको सृष्टि हो।

(२) एक मात्र भन्ने शब्दले येशूको मसिह भन्ने ओहोदाको सुरुवातलाई बुझाउन सक्दैन

'एक मात्र' भन्ने शब्द केवल (ग्रीक: मोनोस) र पुस्ता (Greek: monos) बाट आएको होइन, जसले यदि येशू मानव जगतमा जन्मिएका मानिसहरूमध्ये अति फरक अथवा अद्वितीय हुनुहुन्छ भनी बताउँछ। येशू परमेश्वर हुनुहुन्छ (यूहन्ना १:१) र उहाँ एक मात्र परमेश्वर हुनुहुन्छ (उत्तम ग्रीक पाण्डुलिपिहरूमा यूहन्ना १:१८)। अनि परमेश्वर अनन्त हुनुभएकोले गर्दा, 'एक मात्र' भन्ने शब्दले कुनै सुरुवातलाई बुझाउन सक्दैन! येशूको मसिह भन्ने काम अथवा ओहोदा मानव इतिहासमा उहाँको जन्ममा सुरु भएको थियो र उहाँको दोस्रो आगमनमा सकिनेछ। त्यसकारण, निश्चित समयलाई समेटिएको येशूको मसिह भन्ने ओहोदालाई 'एक मात्र' भन्ने शब्दले बुझाउन सक्दैन। एक मात्र पुत्र माथिको समयको हो।

(३) एक मात्र भन्ने शब्दले केवल त्रिएकत्वको पुत्रत्वलाई मात्र बुझाउन सक्छ

'एक मात्र' भन्ने शब्दले माथिको सृष्टि र माथिको समयको कुनै व्यक्तिलाई बुझाउने भएकोले गर्दा, यसको यस्तो अर्थ हुनुपर्छ: 'आफ्नो किसिममा अद्वितीय' अथवा 'उहाँको वर्गमा एक मात्र'! त्यसैकारणले गर्दा NIV बाइबलले त्यसलाई परमेश्वरको एक मात्र पुत्र भनेर अनुवाद गर्दछ। त्यसकारण, 'एक मात्र' भन्ने शब्दले येशू ख्रीष्टको त्रिएकत्वको पुत्रत्वलाई बुझाउनु पर्छ। येशू ख्रीष्ट पराभौतिक र तत्वशास्त्रीय अर्थमा परमेश्वरको पुत्र हुनुहुन्छ, जसको मतलब उहाँसँग ईश्वरीय स्वभाव छ भन्ने हुन्छ। येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ (यूहन्ना १:१; रोमी ९:५; कलस्सी २:९; तीतस २:१३; हिब्रू १:८; १ यूहन्ना ५:२०; प्रकाश १:८,१७-१८; २:८; २२:१३ सँग तुलना गर्नुहोस्)। उहाँ अनन्तदेखि अनन्तसम्मै परमेश्वर हुनुहुन्छ।

त्रिएक (Trinity)

(१) येशू ख्रीष्टद्वारा मात्र परमेश्वरलाई जान्न सकिन्छ

परमेश्वर पिताबाहेक केवल पुत्र परमेश्वर र आफूलाई प्रकट गर्नको निम्ति पुत्र परमेश्वरले छान्नु मानिसहरूबाहेक उहाँलाई चिन्ने कुनै एक जना मानिस अथवा कुनै धर्म छैन (मत्ती ११:२७; यूहन्ना १०:१५; १७:२५-२६)! त्यसकारण, हरेक मानिस पुत्र परमेश्वर, येशू ख्रीष्टसँगको उसको सम्बन्धमा खडा रहन्छ (मत्ती १०:४०; लूका १०:१६: लूका २:३४; १ पत्रुस २:६-८)!

(२) परमेश्वरक अस्तित्वको तीन पृथक अवस्थाहरू

परमेश्वर एक हुनुहुन्छ (मर्कूस १२:२९) र उहाँको एक नाउँ छ (मत्ती २८:१९)। तैपनि, यो एक परमेश्वरले आफूलाई बाइबलमा परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्माको तीन व्यक्तित्वहरूमा प्रकट गर्नुहुन्छ (मत्ती २८:१९; १ कोरिन्थी ८:६; एफिसी ४:३-६)। उहाँको ईश्वरीय स्वभावको एकतामा आन्तरिक पृथकता छ भनी उहाँले हामीलाई प्रकट गर्नुहुन्छ। यसले हाम्रो बुझ्ने र व्याख्या गर्ने क्षमतालाई उछिन्छ, तर त्यो बुझ्नको लागि बाइबलमा स्वयम् परमेश्वरले दिनुहुने प्रकाशप्रति हाम्रो आज्ञाकारिता र समर्पणताको खाँचो पर्दछ। अनन्तदेखि नै परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मा एक-अर्काको अद्वितीय सम्बन्धमा रहिरहनुभएको छ।

'त्रिएक' भन्ने बाइबलीय शब्द त होइन तर यो यस्तो ईश्वरशास्त्रीय शब्द हो, जसले इसाईहरूले एक परमेश्वर र एक ईश्वरीय व्यक्तिमाथि विश्वास गर्छन्, जसले आफूलाई तीन स्वरूपहरूमा (अवस्थाहरू अथवा व्यवहारहरूमा) प्रकट गर्नुहुन्छ। ल्याटिन भाषामा अवस्था भन्ने शब्दलाई बुझाउन व्यक्ति भन्ने शब्द प्रयोग गरिन्थ्यो। तर अहिले आधुनिक भाषाहरूमा 'व्यक्ति' भन्ने शब्दले कुनै मानिसलाई बुझाउँछ र त्यसले सुरूको ल्याटिन भाषाको उक्त अर्थ दिँदैन।

सुरुको ग्रीक भाषामा 'उपोस्टासिस' (upostasis) भन्ने शब्दले 'यथेष्ठ स्वभाव, महत्व, वास्तविक व्यक्ति' भन्ने अर्थ दिन्थ्यो

र त्यसलाई 'अवस्था' भन्ने कुरा प्रकट गर्न प्रयोग गरिन्थ्यो। यसले कहिले पनि एक जना व्यक्तिको विचारलाई व्यक्त गर्दैन तर त्यसले ईश्वरीय स्वभावको एकताभित्र रहने आन्तरिक पृथकताको विचारलाई मात्र व्यक्त गर्दछ! यसले यस्तो तथ्य व्यक्त गर्दछ, कि एक परमेश्वरले आफूलाई सृष्टिमा र मानव इतिहासमा स्वर्गको पिता परमेश्वर, स्वर्गको पुत्र परमेश्वर र पृथ्वीमा मानिसहरूका माझमा वास गर्नुहुने पवित्र आत्मा परमेश्वरको रूपमा प्रकट गर्नुभएको छ।

बाइबलले कहिले पनि परमेश्वर र येशू दुई अलग परमेश्वरहरू हुन् भनी बताउँदैन तर एक परमेश्वर हुनुहुन्छ भनी बताउँछ, जसले उही समयमा स्वर्गमा र पृथ्वीमा हामीसँग रहनको निम्ति आफूलाई प्रकट गर्ने परमेश्वर भनी बताउँछ। त्रिएक परमेश्वर सर्वव्यापी हुनुहुन्छ।

(३) परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मा एक परमेश्वर हुनुहुन्छ

इसाईहरूले "पिता र पुत्र र पवित्र आत्माको नाउँमा" बप्तिस्मा लिन्छन् (मत्ती २८:१९)। यहाँ नाउँ भन्ने शब्द एकवचनमा छ, बहुवचनमा होइन! परमेश्वरको एक नाउँले परमेश्वर एक हुनुहुन्छ र उहाँको ईश्वरीय व्यक्तित्व एक छ भनी प्रकट गर्छ (व्यवस्था ६:४)। "पिता, पुत्र र पवित्र आत्मा" भन्ने शब्दहरूले उक्त ईश्वरीय स्वभावको एकतामा आन्तरिक पृथकता छ भन्ने तथ्यलाई प्रकट गर्दछ। उक्त एक परमेश्वर अथवा एक ईश्वरीय व्यक्तिले आफूलाई पिता, पुत्र र पवित्र आत्माको रूपमा प्रकट गर्नुहुन्छ। पिता, पुत्र र पवित्र आत्मासँग एउटै अनि उही ईश्वरीय स्वभाव छ।

(४) परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्माका कामहरू फरक-फरक छन्:

'परमेश्वर पिता' हुनुहुने बाइबलको परमेश्वर अनन्त परमेश्वर हुनुहुन्छ, उहाँ हरेक थोक र हरेक व्यक्तिको सृष्टिकर्ता र सुरुवातकर्ता हुनुहुन्छ अनि हरेक थोक र हरेक व्यक्तिको गन्तव्य र नियति निर्धारण गर्ने उहाँ नै हुनुहुन्छ (रोमी ११:३६)। सृष्टि, प्रकटीकरण र पुनर्सृष्टिको सुरुवातकर्ता उहाँ नै हुनुहुन्छ। पिता हुनुभएकोले यो एक परमेश्वर स्वर्गमा र पृथ्वीमा आफ्नो परिवारको शिर हुनुहुन्छ (एफिसी ३:१४-१५), र उहाँसँग आफ्नो प्रत्येक आत्मिक सन्तानले व्यक्तिगत अनि घनिष्ठ सम्बन्ध राख्दछ (मत्ती ६:९-१३)।

'परमेश्वर पुत्र' हुनुहुने बाइबलको परमेश्वरले आफ्नो ईश्वरीय स्वभाव नत्यागीकन मानव स्वभाव धारण गर्नुभएर आफ्नो सृष्टि र मानव इतिहासमा कन्या मरियमद्वारा प्रवेश गर्नुभयो (फिलिप्पी २:६-७; कलस्सी २:९)। उहाँ हामीसँग हुनुहुने परमेश्वर हुनुहुन्छ (यशैया ७:१४; मत्ती १:२३)। उहाँ सृष्टि र मानव इतिहासमा प्रकट हुनुभएको 'परमेश्वरको वचन' हुनुहुन्छ अनि उहाँले नै परमेश्वरलाई दृश्य स्वरूपमा प्रकट गर्नुहुन्छ र सुन्ने गरी परमेश्वरको वचन मानिसलाई बताउनुहुन्छ (यूहन्ना १:१,१४,१८)। काल्सेदोनमा आयोजना गरिएको चौथो विश्वव्यापी परिषद्अनुसार (इ.सं.४५१) येशू ख्रीष्टको ईश्वरीय अनि मानवीय स्वभावहरू मिसावटरहित, अपरिवर्तनीय, अविभाजित, नछुट्टिने अटल एकतामा छन्। परमेश्वर पुत्र र परमेश्वर पिता सार्वभौम शासनमा, ज्ञानमा (मत्ती ११:२७), आदरमा (यूहन्ना ५:२३), शक्तिमा (यूहन्ना १:३; ५:२१,२७), आफूमा जीवन धारण गर्नमा (यूहन्ना ५:२६), काममा (यूहन्ना १०:३०), सम्पत्तिहरूमा (यूहन्ना १६:१५) बराबर हुनुहुन्छ। आफ्नो पुत्रत्वको आधारमा (कारणमा) येशू ख्रीष्ट मृत्युको लागि दोषी हुनुभयो (यूहन्ना १०:३०,३३; मत्ती २६:६३-६६)।

अनि 'परमेश्वर पवित्र आत्मा' हुनुहुने बाइबलको परमेश्वर पृथ्वीमा भएका इसाईहरूको हृदय र जीवनमा (रोमी ८:९-१०; १ कोरिन्थी ६:१९-२०) र इसाई मण्डलीको माझ वास गर्नुहुन्छ (एफिसी २:१९-२२)।

त्रिएकको अति सीमित उदाहरणको रूपमा 'आगो' (सूर्य) लाई लिन सकिन्छ। आगो (सूर्य) एउटा महत्वपूर्ण वस्तु हो तर यसको अस्तित्वलाई तीन पृथक अवस्थाहरूमा महसुस गर्न सकिन्छ: आगोको अस्तित्व छ, यसलाई उज्यालोको दृश्यरूपमा देख्न सकिन्छ र यसबाट अदृश्यरूपमा न्यानो महसुस गर्न सकिन्छ। त्यसैगरी परमेश्वरको अस्तित्व छ (ब्रह्माण्डमा एक मात्र ईश्वरीय व्यक्तिको रूपमा), येशू ख्रीष्टमा उहाँले आफूलाई दृश्यरूपमा प्रकट गर्नुहुन्छ र पवित्र आत्मामा उहाँलाई अदृश्यरूपमा अनुभव गर्न सकिन्छ।

(५) येशू ख्रीष्ट र पवित्र आत्मालाई परमेश्वर भनिन्छ

परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मासँग एउटै अनि उही ईश्वरीय स्वभाव हुनु भएकोले गर्दा, येशू ख्रीष्टलाई 'परमेश्वर हामीसँग' (मत्ती १:२३), 'परमेश्वरको पुत्र' (मत्ती २६:६३-६४) र 'परमेश्वर' पनि भनिन्छ (यशैया ९:६; यूहन्ना १:१; रोमी ९:५; २०:२८; तीतस २:१३; हिब्रू १:८-९)। र त्यसैकारण पवित्र आत्मालाई 'परमेश्वरको आत्मा', ख्रीष्टको आत्मा', 'ख्रीष्ट तपाईंमा' (रोमी ८:९-१०) र 'परमेश्वर' पनि भनिन्छ (प्रेरित ५:३,५)।

निष्कर्ष - 'परमेश्वरको पुत्र' भन्ने वाक्यांशले येशू ख्रीष्टको पुत्रत्वलाई बुझाउँछ, जसको कुनै सुरुवात छैन। पराभौतिक अर्थमा, तत्वशास्त्रीय अर्थमा, त्रिएकत्वको अर्थमा र अनन्तको अर्थमा येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ। अनन्तको अदृश्य परमेश्वरले कन्या मरियममा मानव शरीर धारण गरेर आफ्नो सृष्टि र पृथ्वीमा हाम्रो इतिहासमा प्रवेश गर्नुभएर आफूलाई दृश्य परमेश्वरको रूपमा प्रकट गर्नुभयो।

---

१०. येशू ख्रीष्टले आफूलाई 'मानिसको पुत्र' भन्नुहुन्छ

मानिसहरूका सम्बन्धमा मानिसको पुत्र

पुरानो करारमा 'मानिसको पुत्र' भन्ने शब्दले सामान्यरूपमा 'मानिस' भन्ने अर्थ दिन्छ (भजन ८:४)। इजिकएल अगमवक्ताजस्तै यसले मानिसको सबै कमजोरी र परनिर्भरतालाई सङ्केत गर्छ (इजकिएल २:१,३,६,८; ३:१,३,४,१०;१७,२५ आदि)। त्यस्तैगरी 'दुष्टताको छोराहरू' भन्ने वाक्यांशले दुष्ट मानिसहरूलाई बुझाउँछ (२ शमुएल ३:३४); 'विदेशीको छोरा' भन्नाले परदेशीलाई बुझाउँछ (प्रस्थान १२:४३); 'गर्जनको छोरा' भन्नाले रिसालु जोश भएको मानिसलाई चित्रण गर्दछ (मर्कूस ३:१७)। त्यस्तैगरी 'सङ्गीतको छोरीहरू'ले 'साङ्गेतिक स्वरहरूलाई' सङ्केत गर्छ (उपदेशक १२:४)।

ख्रीष्टको सम्बन्धमा मानिसको पुत्र

(१) दानिएल ७:९-१४ मा भएको 'मानिसको पुत्र'को वर्णन सुसमाचारहरूमा मसिहको उपमा हुँदछ सुसमाचारको हरेक मामिलाहरूमा (यूहन्ना १२:३४ बाहेक), यो उपाधि स्वयम् येशूमा लागु हुँदछ। मत्ती २६:६४ लाई दानिएल ७:१३ सँग तुलना गर्नुहोस्। केवल स्तफनसले मात्र मानिसको पुत्रलाई परमेश्वरको दाहिने हातपट्टि उभिरहनुभएको देखेँ भनी बताउँछ (प्रेरित ७:५६)। अरू कुनै ठाउँमा यसरी उहाँलाई सम्बोधन गरेको र उहाँको बारेमा बताएको पाइँदैन। प्रकाश १:१३ र १४:१४ मा पनि येशू ख्रीष्टलाई दिएको उक्त 'मानिसको पुत्र' भन्ने उपाधिले मसिह अनि मुक्ति र न्यायको मध्यस्थकर्ताको काममा प्रयोग गर्दछ।

(२) 'मानिसको पुत्र' भन्ने उपाधिले बाइबलका केही खण्डहरूमा ख्रीष्टको अपमानलाई सङ्केत गर्दछ येशूको स्थायी घर छैन (मत्ती ८:२०), उहाँ तीतो दु:ख भोग्न जाँदैहुनुहुन्छ (मत्ती १२:१२), धोका पाएर मर्दैहुनुहुन्छ (मत्ती २६:२४) र उहाँ गाडिँनुहुनेछ (मत्ती १२:४०)।

(३) 'मानिसको पुत्र' भन्ने उपाधिले अरू खण्डहरूमा उहाँलाई उच्च पारिने कुराको घोषणा गर्दछ येशू मृत्युबाट बौरिउठ्नुहुनेछ (मत्ती १७:९), पृथ्वीलाई छोडेर उहाँ आफ्नो पिताको महिमामा फर्किनुहुनेछ र स्वर्गदूतहरूको साथ पाउनुहुनेछ (मत्ती १६:२७; २४:२७,३०,४४) अनि उहाँ आफ्नो महिमामा न्यायाधीसजस्तो भएर सिंहासनमा विराजमान् हुनुहुनेछ (मत्ती २५:३१; २६:६४)।

(४) येशू ख्रीष्टको 'मानिसको पुत्र' भन्ने उपमाले कहिल्यै केवल मानिसलाई बुझाउँदैन तर मानव स्वभाव धारण गर्ने परमेश्वरलाई बुझाउँछ।
मानिसको पुत्र व्यवस्थाको (सबाथको) प्रभु हो (मत्ती १२:८)। मानिसको पुत्रसँग पापहरू क्षमा गर्न अधिकार छ (मत्ती ९:६)। मानिसको पुत्र धेरै मानिसहरूको पापको मूल्य चुकाउनको निम्ति जीवन दिने उद्देश्यले यो संसारमा आउनुभयो (मत्ती २०:२८)। मानिसको पुत्र हराएकाहरूलाई खोज्न र बचाउनु आउनुभयो (लूका १९:१०)। अनि मानिसको पुत्र फेरि मृत्युबाट बौरिउठ्नुहुनेछ (मर्कूस १०:३३-३४)। यशैया ४२:१-७; ४९:१-८; ५२:१३-५३:१२ मा भएका 'परमप्रभुको दास' भन्ने उपाधिसँग तुलना गर्नुहोस् (Hebrew: Ebed JaHWeH)।

(५) यो उपाधि प्रयोग गरेर यहूदीहरूसँग बोल्नुहुँदा येशूले आफूलाई बिस्तारै प्रकट गर्न सक्नुहुन्थ्यो, एकैपटकमा होइन यदि उहाँले तुरुन्तै आफू मसिह हुँ भन्नुभएको भए तिनीहरूले उहाँलाई स्वीकार गर्ने थिएनन्। तर अब यहूदीहरू अचम्म मान्न थाले, "यो मानिसको पुत्र को हो?" (यूहन्ना १२:३४)।

येशूले तिनीहरूलाई र हामीलाई यसरी चुनौति दिनुहुन्छ: "ख्रीष्टको बारेमा तिमीहरू के विचार गर्दछौ? तिनी कसको पुत्र हुन्? (मत्ती २२:४२)।
